जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक ११५ २०७८ साल मंसिर १५ गते बुधबार (1 Dec. 2021 Wednesday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

यौन दुराचारी जहाँपनि हुन सक्छन्
त्यस्ता दुराचारीबाट सजग र सचेत रहौं,
आफू पनि बचौ र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : दोर्दी करिडोरका जलविद्युत.. ३ पृष्ठमा : जनगणना: प्रारम्भिक नतिजामा... ३ पृष्ठमा : भारतमा ६ हजार ९ सय ...

# सप्तरीमा नेकपा माओवादी केन्द्रको धमाधम समानान्तर कमिटी गठन हुँदै

## इन्चार्जले क्षेत्राधिकार नाघेर पार्टी बिरोधी गतिबिधी गर्दैछन् : अध्यक्ष यादव

## केन्द्र र प्रदेशको नीति निर्देशन अनुसार अधिवेशन गरिदैछ : इन्चार्ज मण्डल

## निर्वाचन समितिको रोहबरमा भएको अधिवेशन नै आधिकारीक : प्रदेश सदस्य यादव











**दैनिक समाचारदाता**
**राजविराज, १४ मंसिर ।**

सप्तरीमा नेकपा माओवादी केन्द्रको धमाधम समानान्तर कमिटी गठन हुँदैछ । जसकारण पार्टी भित्रको दुई पक्षबीचको आन्तरिक विवाद उत्कर्षमा पुगेको छ ।

एक पक्षको नेतृत्व पूर्वमन्त्री समेत रहेका जिल्ला अध्यक्ष उमेश कुमार यादवले गरिरहेका छन् भने अर्को पक्षको नेतृत्व केन्द्रिय सदस्य एवं जिल्ला इन्चार्ज अशोक कुमार मण्डल "अमर" ले गरिरहेका छन् । पार्टी भित्रको विवादका कारण पार्टीका समर्थक र स्थानिय नेता कार्यकर्ताहरु समेत अन्यौलमा परेका छन् ।

जिल्ला अध्यक्ष उमेश यादवले पार्टीको केन्द्र र प्रदेश समितिको निर्णय अनुसार गाउँ र नगर अधिवेशनमार्फत कमिटी गठन गरिएकाले सो कमिटि नै आधिकारीक रहेको दाबी गरेका छन् । उनले इन्चार्जलाई सांगठनिक अधिकार नहुने जिकिर गर्दै क्षेत्राधिकार नाघेर पार्टी बिरोधी गतिबिधी गर्नेलाई अनुशासनको कारवाही हुनु पर्ने धारणा समेत राखे ।

यता केन्द्रिय सदस्य एवं जिल्ला इन्चार्ज मण्डलले आफूहरु पनि केन्द्र र प्रदेशको नीति निर्देशन अनुसार नै पर्यवेक्षक, निर्वाचन समितिका प्रतिनिधि र प्रदेश २ को पदाधिकारीको उपस्थितिमा गाउँ र नगरको अधिवेशनमार्फत नयाँ कार्यसमिति चयन गरिरहेको बताए । आफूहरुद्वारा गठित समिति नै आधिकारीक र बैधानिक हुने उनको दाबी छ ।

यस्तै नेकपा माओवादी केन्द्र प्रदेश २ समितिका सदस्य महेश यादवले केन्द्रबाट अविनाश सिंहको नेतृत्वमा खटिएको निर्वाचन समितिको रोहबरमा भएको अधिवेशन नै आधिकारीक हुने उल्लखे गरेका छन् । उनले गाउँ र नगर अधिवेशनमा खटिएका प्रतिनिधीलाई निर्वाचन समितिले दिएको पत्र र त्यसैको आधारमा गराइएको अधिवेशन नै मान्य हुने प्रस्ट पारे ।

यसैबीच सदरमुकाम राजविराजको नगर कमिटिमा अध्यक्ष यादवले केदार देवको अध्यक्षतामा नगर कमिटि गठन गरिएको छ भने केन्द्रिय सदस्य एवं इन्चार्ज मण्डलले रामगमन साहको अध्यक्षतामा राजविराज नगर कमिटि गठन गरेका छन् ।

यसैगरि यादव पक्षले हनुमाननगर कंकालिनी नगरपालिकाको नगर कमिटिको अध्यक्ष पदमा राजकुमार मण्डल, तिरहुत गाउँपालिकामा कपलेश्वर सरदार, महदेवा गाउँपालिकामा सुरेन्द्र यादव, कंचनरुप नगरपालिकामा सत्यानारायण चौधरी, विष्णुपुर गाउँपालिकामा बलराम यादव, राजगढ गाउँपालिकामा कलामुद्दिन खाँ, छिन्नमस्ता गाउँपालिकामा तेजनारायण यादव, शम्भुनाथ नगरपालिकामा अनिल भगत,

***बाँकी दुई पृष्ठमा***

# ब्राउनसुगरसहित महिला पक्राउ



**दैनिक समाचारदाता**
**झापा, १४ मंसिर ।**

झापाको मेचीनगर नगरपालिका ६ मेची पुल स्थितबाट लागुऔषध ब्राउन सुगरसहित एक महिला पक्राउ परेकी छिन् । पक्राउ पर्नेमा झापा कन्काई ३ की २४ बर्षीया सरिता विक छिन् ।

सोमबार दिँउसो लागू औषध नियन्त्रण ब्युरो काकँरभिट्टाबाट

***बाँकी अन्तिम पृष्ठमा***

# लोसपाद्वारा किसानका समस्या समाधान गर्न माग



**दैनिक समाचारदाता**
**राजविराज, १४ मंसिर ।**

लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) ले किसानको समस्या समाधान गर्न माग गर्दै मंगलबार सप्तरीका प्रमुख जिल्ला अधिकारीलाई ९ बुँदे ज्ञापन पत्र बुझाएको छ ।

लोसपा सप्तरी अध्यक्ष मण्डलका सदस्य अध्यक्ष सुनिल कुमार झा, केन्द्रिय नेता दिनेश यादव, दिपेन्द्र चौधरी, पुनम यादव, बिनोद यादव, बिजय यादव लगायतको नेतृत्वमा प्रमुख जिल्ला

***बाँकी दुई पृष्ठमा***




अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# दोर्दी करिडोरका जलविद्युत आयोजना छिटो सम्पन्न गर्न ऊर्जा मन्त्रीको निर्देशन

काठमाडौँ, १४ मङ्सिर (रासस) ।

हाइड्रो हवका रूपमा स्थापित भएको लमजुङको दोर्दी करिडोरमा निर्माणाधीन जलविद्युत् आयोजना र प्रसारण लाइनको अवस्थाका बारेमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले स्थलगत निरीक्षण गर्नुभएको छ ।

करिडोरमा आधादर्जन बढी जलविद्युत् आयोजना निर्माणका क्रममा छन्, भने सोही सङ्ख्याका आयोजना निर्माणमा जाने तयारीमा छन् । केही आयोजना हाल सञ्चालनमा छन् । प्राधिकरणले निर्माणाधीन सवस्टेशन र प्रसारण लाइन निर्माणलाई ताकेता गरिरहेको भए पनि निर्माणमा खासै प्रगति हुनसकेको छैन । निजी जलविद्युत् आयोजनाका प्रवर्द्धकले शीघ्रताशीघ्र आयोजनाको काम सम्पन्न गरिदिन आग्रह गरेपनि अपेक्षित प्रगति हुनसकेको छैन ।

निजी प्रवर्द्धकले पटक-पटक गरेको आग्रह अनुसार काम नभएपछि मन्त्री भुसालले स्थलगत निरीक्षण गरी तत्काल काम सम्पन्न गर्न निर्देशन दिनुभएको हो । उहाँले आयोजनाको काममा ढिलाइ गर्न नहुने जनाउँदै एक युनिट पनि बिजुली खेर नजाने गरी काम गर्न निर्देशन दिनुभयो ।

उहाँले सरकार ऊर्जा क्षेत्रको विकास र विस्तारमा लागिपरेको र खपत बढाउने योजनालाई पनि तीव्रताका साथ अगाडि बढाइएको जानकारी दिनुभयो । सो करिडोरमा पिपुल्स हाइड्रोपावर कम्पनीद्वारा ५४ मेगावाटको सुपर दोर्दी 'ख', हिमालयन पावर पार्टनरको २७ मेगावाटको दोर्दीखोला, लिबर्टी इनर्जी लिमिटेडको २५ मेगावाटको माथिल्लो दोर्दी 'ए' जलविद्युत् आयोजना निर्माणका क्रममा छन् ।

त्यस्तै, दोर्दीखोला जलविद्युत् कम्पनीको १२.१ मेगावाटको दोर्दी-१, छयाङ्दी खोला हाइड्रोपावर कम्पनीको चार मेगावाट क्षमताको जलविद्युत् आयोजना दोर्दी करिडोरमा निर्माणाधीन छन् । तीमध्ये अधिकांशको ५५ देखि ९० प्रतिशत निर्माणकार्य सम्पन्न भइसकेको छ ।

त्यस्तै करिडोरमै रहेको छयाङ्दी खोलामा यसअघि दुई मेगावाटको छयाङ्दी जलविद्युत् आयोजना निर्माण सम्पन्न भएको बताइएको छ । उक्त निर्माणाधीन आयोजना निजी क्षेत्र र स्थानीयवासीको लगानीमा निर्माण भइरहेको छ । ती आयोजना निर्माण सम्पन्नपछि १२५ मेगावाट बिजुली उत्पादन हुनेछ ।

दोर्दी खोलामा हिमालयन पावर पार्टनरले निर्माण गरेको २७ मेगावाटको दोर्दी खोला र लिबर्टी इनर्जी लिमिटेडले निर्माण गरेको २५ मेगावाटको माथिल्लो दोर्दी 'ए' जलविद्युत्को निर्माण सकिन लागेको छ । ती आयोजनाको निर्माण ९० प्रतिशतभन्दा बढी निर्माणकार्य सम्पन्न भइसकेको छ ।

त्यस्तै दोर्दी करिडोरमै छयाङ्दी खोला हाइड्रोपावर कम्पनीले सोही खोलामा चार मेगावाटको जलविद्युत् आयोजना निर्माण गरिरहेको छ । गत एक वर्षदेखि आयोजनाको निर्माणकार्य सुरु भएको हो । दोर्दी करिडोरकै सबैभन्दा ठूलो क्षमताको पिपुल्स हाइड्रोपावरले निर्माण गरेको ५४ मेगावाटको सुपर दोर्दी 'ख'को ५५ प्रतिशत र दोर्दी खोला जलविद्युत् कम्पनीद्वारा निर्माणाधीन १२.१ मेगावाटको दोर्दी-१ को निर्माणकार्य ७० प्रतिशतभन्दा बढी सम्पन्न भएको आयोजनाले जनाएको छ ।

करिडोरको सबैभन्दा माथिल्लो तटमा पिपुल्स हाइड्रोपावरले सुपर दोर्दी 'ख' (५४ मेगावाट) आयोजना कूल रु आठ अर्ब ८० करोड लागतमा निर्माण भइरहेको छ । उक्त आयोजनामा प्रभावित क्षेत्रका बासिन्दा र जिल्लावासीको २७ करोड लगानी छ ।

दोर्दी खोला जलविद्युत् आयोजना रु तीन अर्ब ८६ करोड लगानीमा निर्माणाधीन छ । यस आयोजनामा गैरआवासीय नेपाली सङ्घ (एनआरएन) ३६ र स्थानीय सर्वसाधारणको ३० प्रतिशत र आइएमई समूहको ३४ प्रतिशत लगानी छ ।

त्यस्तै लिबर्टी इनर्जी कम्पनीले निर्माण गरिरहेको माथिल्लो दोर्दी 'ए' २५ मेगावाटको रु चार अर्ब ६३ करोड लगानीमा निर्माण थालिएको छ । दोर्दी खोलामै लमजुङ विद्युत् विकास कम्पनी (लेड्को) को सहायक कम्पनी दोर्दीखोला जलविद्युत् कम्पनीले दोर्दी-१ (१२.१ मेगावाट) आयोजना निर्माणाधीन छ । यस आयोजनाको लागत रु दुई अर्ब ३९ करोड रहेको जनाइएको छ ।

दोर्दी करिडोरमै रहेको छयाङ्दी खोलामा यसअघि दुई मेगावाटको छयाङ्दी जलविद्युत् आयोजना निर्माण सम्पन्न गरिसकेका प्रवर्द्धक छयाङ्दी खोला हाइड्रोपावर कम्पनीले सोही खोलामा चार मेगावाटको जलविद्युत् आयोजना निर्माण गरिरहेको छ । कम्पनीकाअनुसार आयोजना रु ८० करोडभन्दा बढी लगानीमा उक्त आयोजना निर्माणधीन छ । प्राधिकरणले मर्स्याङदी नदी करिडोरमा निजी क्षेत्रबाट निर्माणाधीन जलविद्युत् आयोजनाले उत्पादन गर्ने एक युनिट विद्युत् पनि खेर जान नदिने प्रतिबद्धता यसअघि नै जनाएको छ ।

प्राधिकरणले प्रसारण लाइन तथा सव स्टेसनको काम द्रुतगतिमा अघि बढाउन प्रसारण लाइन आयोजना प्रमुखलाई निर्देशन दिएको थियो । लमजुङको उदिपुर, कीर्तिपुर तथा टारीकुना निर्माण हुने र तनहुँको मार्कीचोकमा सवस्टशन निर्माणको क्रममा छन् । दोर्दी खोलामा निर्माण भइरहेका आयोजनाको विद्युत् जोड्नका लागि ११ किलोमिटर लामो कीर्तिपुर-उदिपुर १३२ केभी क्षमताको डबल सर्किट प्रसारण लाइन निर्माणमा छ । आयोजना प्रमुख चिरन्तन राणाले आयोजनाको समग्र अवस्थाका बारेमा मन्त्री भुसाललाई जानकारी दिँदै तोकिएको समयमा नै पूरा गराउन आफू लागिपरेको बताउनुभयो ।

'उदिपुरा-मार्किचोक-भरतपुर प्रसारण लाइन निर्माणका लागि जनबरी २०१८ मा ठेक्का लागेको थियो । कूल १८ महिनाभित्र निर्माण सक्ने लक्ष्यका साथ काम सुरु भए पनि अपेक्षित प्रगति हुनसकेको छैन । गत असारमा आएको बाढीपहिरोका कारण प्रसारण लाइनका चार वटा टावर बगाएको छ । ती टावर केही समयभित्रै सम्पन्न गरिने उहाँले जानकारी दिनुभयो ।

## सम्पादकीय

### निर्माण कार्य गर्दा सांकेतिक बोर्ड लगाउ

अहिले सप्तरी सदरमुकाम राजविराजस्थित विभिन्न स्थानमा सडक तथा नाला निर्माणको कार्य भइरहेको छ । यस्ता विकासीय निर्माणको काम भइरहँदा विभिन्न स्थानमा ठूला साना खाल्डा तथा बाटो बन्द रहेको अवस्था छ । जसले गर्दा जनतालाई एक ठाउँबाट अर्को ठाउ जान निकै समस्या भएको छ । तर, कुनै पनि स्थानमा निर्माण कार्य भइरहेको साइन बोर्ड समेत राखिएको छैन् । जसकारण राती घर पुग्दा सडक राम्रो तर बिहान उठेर पुनः सोही सडक हुँदै जाने क्रममा अनाहकमा दुर्घटनामा पर्ने जोखिम बढेको छ ।

यस्ता लापरवाहीले जो कोही पनि दुर्घटनामा पर्न सक्छ । यसका लागि सडक निर्माण गरिरहेका कम्पनीले अनिवार्य रुपमा संकेतको रुपमा बाटो निर्माण भइरहेको साइन बोर्ड राख्नु पर्छ । तर त्यसो देखिदैन् । ठाउँठाउँमा सडक र नाला निर्माण कार्यका कारण खाल्डो खनिएपछि त्यस कार्यलाई पूर्णता दिनुको साटो त्यतिकै छोड्नुले दुर्घटना निम्त्याउने काम गरेको छ ।

यस्तै विगत एक वर्ष भन्दा बढी समयदेखी निर्माण कार्य सुरु भएको राजविराजका विभिन्न वडाका सडकहरु अहिले अधुरै रहेका छन् । त्यहाको अवस्था पनि दुर्घटना निम्त्याउने नै रहेको छ । त्यहा पनि कुनै सांकेतिक बोर्ड लगाइएको देखिन्न् । ती स्थानहरुमा अहिलेसम्म निर्माण कम्पनी आफैले हेर्न समेत आएको छैन् । यस्तो प्रकारको कार्यले कस्तो परिणाम देखाउने हो त !

सदरमुकामसहित जिल्लामा भइरहेको सडक निर्माण कार्य सकारात्मक पक्ष हो तर, यसलाई समयमै पुरा गर्न निर्माण कम्पनिले तदारुकता देखाउनु पनि उत्तिकै आवश्यक छ भने सांकेतिक बोर्ड लगाउनु पनि उत्तिकै जरुरी रहेको छ । तसर्थ यस्ता लापरवाही तरिकाले गरिने कार्यलाई अविलम्ब सच्याउनु जरुरी रहेको छ । होइन् भने कुनै पनि भवितब्यप्रतिको जिम्मेवारी कसले लिने ? यो एउटा आमजनताको प्रश्न हो ।

# मुलुकमा जनमुखी र वैज्ञानिक शिक्षाको खाँचो छ : उपराष्ट्रपति पुन

काठमाडौँ, १४ मङ्सिर (रासस) ।

उपराष्ट्रपति नन्दबहादुर पुनले मुलुकमा जनमुखी र वैज्ञानिक शिक्षाको खाँचो रहेको बताउनुभएको छ ।

चन्द्रागिरि नगरपालिका-२ वाडभन्ज्याङस्थित चण्डिकादेवी माध्यमिक विद्यालयमा सोमबारदेखि सुरु भएको श्रीमद्भागवत सप्ताह महायज्ञको उद्घाटन गर्दै उहाँले मुलुकमा जनमुखी र वैज्ञानिक शिक्षा आवश्यक रहेकाले शैक्षिक प्रणालीमा सुधार गर्नुपर्ने बताउनुभयो । "शिक्षामा आएका दरार हटाउँदै, समान शिक्षाका लागि आन्दोलन जरुरी छ, शिक्षा क्षेत्रमा विभेद हुनु हुँदैन, पछिल्लो समय सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरसमेत बढेर गएको छ, विद्यालय व्यवस्थापन समिति र विद्यालय मिलेर अगाडि बढे शैक्षिक क्षेत्रको रुपान्तरण सम्भव छ", उहाँले भन्नुभयो । सामुदायिक विद्यालयलाई प्राथमिकता दिएर अगाडि बढ्नुपर्ने उहाँको भनाइ थियो ।

विश्व हिन्दू महासङ्घका केन्द्रीय अध्यक्ष एवं पूर्वमन्त्री रामचन्द्र अधिकारीले सामुदायिक विद्यालयको भौतिक सुधारसँगै प्राविधिक शिक्षाको सञ्चालनका लागि सुरुआत भएको महायज्ञलाई सफल बनाउन स्थानीय सरकारको मुख्य दायित्व रहेको बताउनुभयो । पूर्वसांसद रुपा महर्जन, चन्द्रागिरि नगरपालिका-२ का वडाध्यक्ष गोपी सुर्खेतीले सामुदायिक विद्यालयको शैक्षिक तथा भौतिक सुधारका लागि सबैको साथ र सहयोग रहेको उल्लेख गर्दै विद्यालयलाई प्रविधिमैत्री र गुणस्तरीय शैक्षिक वातावरण तयार गर्दै दक्ष जनशक्ति उत्पादनमा जोड दिनुपर्ने बताउनुभयो ।

महायज्ञ मूल समारोह समितिका संयोजक एवं विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्रवण सुवेदीले धार्मिक महायज्ञलाई सामुदायिक विद्यालयको शैक्षिक तथा भौतिक सुधारका रूपमा आयोजना गर्न लागेको बताउनुभयो । सोमबारदेखि सुरु भएको महायज्ञ मङ्सिर २१ गतेसम्म सञ्चालन हुनेछ । उक्त महायज्ञमा पण्डित वासुदेव घिमिरेले कथा वाचन गर्नुहुनेछ ।

### लोसपाद्वारा किसानका ...

अधिकारी जनार्दन गौतमलाई ज्ञापन पत्र बुझाइएको हो ।

बुझाइएको उक्त ज्ञापन पत्रमार्फत कोरोना, बाढी र बेमौसमको वर्षाले जिल्लाका किसानले ब्यापक क्षति भोग्नु परेको उल्लेख गर्दै अविलम्ब किसानलाई राहत प्रदान गर्न पहल गर्न माग गरिएको छ ।

ज्ञापनपत्र मार्फत समयमै मलखाद तथा बिउबिजन उपलब्ध गराउन, जिल्लामा कृषि उत्पादन समाग्रि भण्डारण गर्न, शित भण्डार र गोदाम घरको व्यवस्था मिलाउन, अन्न बालीमा लाग्ने रोगको प्रकोप नियन्त्रण गर्न कृषि विमामा किसानको पहुँच बढाउन, कृषि उपज बृद्धिका लागि तालिम संचालन गर्न तथा किसानलाई आवश्यक क्षतिपूर्तीको व्यवस्था मिलाउन लगायतका ९ बुँदे माग अघि सारिएको छ ।

प्रधानमन्त्रीको कार्यालय, प्रदेश २ मुख्यमन्त्रीको कार्यालय, कृषि तथा पशपंक्षि विकास मन्त्रालयसमेतलाई बोधार्थ दिइएको उक्त ज्ञापनपत्रमा किसानले समयमै मल तथा बिउबिजन नपाउँदा थप पीडामा परेको उल्लेख गरिएको छ । ज्ञापन पत्र बुझ्दै प्रजिअ गौतमले तत्कालै सम्बन्धीत निकायमा पठाई समस्या समाधान गर्न पहल गर्ने बताए ।

### सप्तरीमा नेकपा...

खडक नगरपालिकामा जयप्रकाश चौधरी र डाक्नेश्वरी नगरपालिकामा कर्मलाल यादवको अध्यक्षतमा अधिवेशन मार्फत नयाँ कार्यसमिति गठन गरेका छन् ।

यस्तै केन्द्रिय सदस्य एवं जिल्ला इन्जार्च मण्डल पक्षधरले हनुमाननगर कंकालिनी नगरपालिकामा राहुल मण्डल, तिरहुत गाउँपालिकामा विशेश्वर यादव, महदेवा गाउँपालिकामा मनोज यादव, कंचनरुप नगरपालिकामा रामविहारी राउत, विष्णुपुर गाउँपालिकामा रामकुमार राम, राजगढ गाउँपालिकामा विशेश्वर प्रसाद यादव, छिन्नमस्ता गाउँपालिकामा जयप्रकाश यादव, बलानबिहुल गाउँपालिकामा महेन्द्र यादव, रुपनी गाउँपालिकामा सिंहेश्वर प्रसाद साह र शम्भुनाथ नगरपालिकामा गणपति साहको अध्यक्षतमा छुट्टै कार्यसमिति गठन गरेका छन् ।

यता तिलाठी कोइलाडी गाउँपालिमा भने दुबै पक्षले सर्वसम्मतीबाट मुनिलाल मुखियाको अध्यक्षतामा नयाँ कार्यसमिति गठन गरेका छन् । दुबै पक्षले एक अर्काको अधिवेशनलाई अबैधानिक भन्दै आफूहरुद्वारा गठन गरिएको समिति नै आधिकारीक र बैधानिक रहेको दाबी गरसरिरहेका छन् ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# जनगणनाः प्रारम्भिक नतिजामा 'कुटी, गुञ्जी र नाभी'को जनसंख्या पनि समेटिने

काठमाडौँ, १४ मङ्सिर (रासस) ।

राष्ट्रिय जनगणनाको प्रारम्भिक नतिजा सार्वजनिक हुँदा (तीन महिनाभित्रमा) नेपालको लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्रको जनसङ्ख्या पनि समेटिने भएको छ ।

तथ्याङ्क विभागले औपचारिक रूपमा कार्य क्षेत्र मै पुगेर जनगणना गर्न नसके पनि वैकल्पिक विधिको प्रयोग गरेर ती तीन क्षेत्रका घरधुरी र जनसाङ्ख्यिक विवरण समेटेर प्रारम्भिक नतिजा सार्वजनिक गर्ने तयारी गरेको छ ।

विभागका महानिर्देशक नेबिनलाल श्रेष्ठले मूल गणना कार्यमा विवरण ल्याउन नसके पनि वैकल्पिक विधिमार्फत विभिन्न स्रोतसमेत परिचालन गरी विवरण सङ्कलन सुरु भइसकेको जानकारी दिनुभयो । "हामीले कूटनीतिक रूपमा विभागबाट र जिल्लाबाट समेत प्रयास गर्‍यौँ तर भूभाग हाम्रै भए पनि त्यहाँ जान पाइएन, त्यसैले अब स्थानीयवासीसँगको सहकार्यमा प्रविधिको समेत उपयोग गरेर स्रोतमार्फत तथ्याङ्क लिन थालेका छौँ," महानिर्देशक श्रेष्ठले राससँग भन्नुभयो ।

उहाँका अनुसार त्यस क्षेत्रको कुटी, नाभी र गुञ्जीमा मात्रै मानिसहरूको बसोबास छ । सो क्षेत्रमा अनुमानित ३०० घरधुरीमा बढीमा ८०० सम्म जनसङ्ख्या रहेको अनुमान छ । जाडो मौसममा त्यहाँका स्थानीयवासी पनि बेँसी झर्ने भएकाले दार्चुलाको छाङरु र तिङ्करका स्थानीयवासीसँग भेटघाटसमेत हुने तथा फोन सम्पर्क गर्न सकिने हुँदा स्रोतमार्फत विवरण सङ्कलन गर्न विभागको टोली जुटेको छ । घरधुरी भने सेटेलाइटबाट नै लिन सकिने विभागले जनाएको छ ।

दार्चुलाको लिपुलेक, लिम्पियाधुरा र कालापानी समेटेर नेपाल सरकारले विभिन्न चरणको छलफलपछि विसं २०७७ जेठ ५ मा सुगौली सन्धिलगायत अन्य विभिन्न तथ्य र प्रमाणका आधारमा नयाँ नक्सा जारी गर्ने निर्णय गरेको थियो । जेठ ७ गते उक्त नक्सा सरकारले सार्वजनिक गरेको हो । जेठ ९ गते निशान छापलाई नयाँ नक्साअनुसार बनाउन संसद्मा संविधान संशोधन प्रस्ताव दर्ता भएकामा जेठ ३१ गते संसद्को दुई तिहाइ बहुमतबाट उक्त प्रस्ताव पारित भएसँगै भारतको नियन्त्रणमा रहेका ती क्षेत्र औपचारिक रूपमा नेपालको नक्सामा समेटिन पुगेको थियो । नक्सामा समेटिएपछिको यो पहिलो जनगणना भएकाले पनि अर्थपूर्ण रूपमा हेरिएको छ ।

नेपालको पश्चिमी सीमा कालापानी भएको कुरा ब्रिटिस सर्भेअर अफ इन्डियाले १८२७ मा सार्वजनिक गरेको नक्सामा उल्लेख छ । त्यसमा लिम्पियाधुराबाट निस्किएको काली नै सीमा हो भनेर स्पष्ट बोलेको सीमाविद्हरू बताउँछन् । उक्त नदी पूर्वतर्फ कालापानी र लिपुलेक पर्छ । पछिल्लो समयमा भारतले कालीभन्दा वर रहेको क्षेत्र लिपुलेकबाट बग्ने खोलालाई काली बनाएर ती सबै क्षेत्र अतिक्रमण गरेको विज्ञहरू बताउँछन् ।

विगतमा चीनबाट भारतलाई जोगाउन नेपालको सीमा क्षेत्रमा भारतको मागअनुसार उनीहरूका सुरक्षाकर्मी राख्ने अनुमति तत्कालीन नेपाल सरकारले दिएको र सोही बेलादेखि भारतले नेपाली भूमिलाई कब्जा जमाएको हो । सीमाविद् बुद्धिनारायण श्रेष्ठले १८६० अघिका हरेक अभिलेखमा लिम्पियाधुराबाट निस्किएको काली नै आधिकारिक सीमा मानेको बताउँदै आउनुभएको छ । उहाँका अनुसार त्यसपछिको नक्सामा मात्रै लिपुलेकबाट निस्किएको खोलालाई काली भनेर भारतले त्यसउताका क्षेत्र नियन्त्रणमा लिएको हो ।

भारतको कब्जामै रहेका कारण राष्ट्रिय जनगणना विसं २०७८ को मूल गणना कार्य मङ्सिर ९ गते बिहीबार सकिँदा नेपालको नयाँ नक्सा सार्वजनिक भएपछिको पहिलो महाअभियानमा औपचारिक रूपमा ती क्षेत्रको विवरण सङ्कलन गर्न सकिएन तर विभिन्न माध्यमबाट जनसङ्ख्या लिन भने थालिएको तथ्याङ्क विभागले उल्लेख गरेको छ । कात्तिक २५ देखि जनगणना सुरु भएको थियो ।

नजिक रहेको छाङ्रु र तिङ्करमा समेत गणकहरू मुस्किलले पुगेका थिए । उनीहरूलाई फिर्ता ल्याउन हेलिकप्टर नै प्रयोग गर्नु परेको थियो । दार्चुलाका प्रमुख जिल्ला अधिकारी सिद्धराज जोशीले भारतकै मान्छे पनि पास लिएर मात्रै गुञ्जी, नाभी र कुटी जाने गरेकाले नेपालीहरू जान सहज नभएको बताउनुभयो ।

यसपालिको जनगणना सूचीकरण गर्दा दार्चुलाको व्यास गाउँपालिका-१ छाङ्रु र टिङ्कर बस्ती जान भारतले धार्चुलाको बाटो प्रयोग गर्न पास दिएको थियो । त्यहाँ पुग्न नेपालतर्फ बाटो नभएको र भारतको बाटो भएर एक दिनमा पुग्न सकिने भएकाले भारत सरकारका स्थानीय प्रतिनिधिमार्फत उक्त क्षेत्रमा जान सहमति माग्दा दोस्रो पटक भने जान नदिएको विभागले जनाएको छ । सहायक जनगणना अधिकारी खगेन्द्र कार्कीसहित तीन गणक उक्त स्थानमा जान नसकेपछि अन्य दुई गणकले तीन दिन लगाएर उक्त क्षेत्रमा पुगी जनगणना सम्पन्न गरेका थिए । पछि उनीहरूलाई फर्कन समस्या भएपछि सेनाको हेलिकप्टरमार्फत सदरमुकाम ल्याइएको प्रजिअ जोशीले बताउनुभयो ।

यसपटकको जनसङ्ख्या झन्डै तीन करोड नजिक पुग्ने प्रारम्भिक अनुमान विभागले गरेको छ । आउँदो पुसदेखि जनगणनाको विवरण प्रशोधन सुरु हुनेछ । करिब तीन महिनामा प्रारम्भिक नतिजा तथा एक वर्षपछि अन्तिम नतिजा सार्वजनिक गर्ने तयारी छ । त्यसबेला कुटी, नाभी र गुञ्जीको विवरण पनि आउने छ । विसं २०६८ को जनगणनाअनुसार नेपालको जनसङ्या दुई करोड ६५ लाख छ । 'मेरो जनगणना मेरो सहभागिता' नारासहित सुरु यसपालिको जनगणनामा ८० प्रश्न समावेश थियो । जनगणना गर्न ४० हजार गणक र आठ हजार ५०० सुपरीवेक्षक खटाइएको थियो ।

नेपालमा हरेक १०/१० वर्षमा राष्ट्रिय जनगणना हुने गरेको छ । मुलुकमा पहिलो जनगणना १०९ वर्षअघि विसं १९६८ मा चन्द्रशम्शेर राणा प्रधानमन्त्री भएका बेला थालनी भएको थियो ।

# एक साताभित्रै रेल सञ्चालनसम्बन्धी कानून ल्याइँदै छ : मन्त्री यादव

जनकपुर, १४ मङ्सिर (रासस) ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणु यादवले एक साताभित्रमै रेल सञ्चालनसम्बन्धी आवश्यक कानून ल्याउने तयारी भइरहेको बताउनुभएको छ ।

धनुषाको कुर्थादेखि जनकपुरधाम हुँदै भारतको जयनगरसम्म रेल सञ्चालनका लागि तयार पारिएको भौतिक संरचनाको मंगलबार निरीक्षण गर्दै मन्त्री यादवले कानुनको अभावमा रेल सञ्चालन हुन नसकेकाले आवश्यक कानुन ल्याउन सरकारले काम अघि बढाइसकेको बताउनुभयो ।

"रेल सञ्चालनका लागि आवश्यक कानुनका लागि सरकारले अध्यादेश तयार पारि सकेको छ," मन्त्री यादवले भन्नुभयो, "अध्यादेश ल्याउनका लागि कागजात तयार भइसकेको र कागजातमा दस्तखत गर्न मात्र बाँकी छ ।" कागजातमा हस्ताक्षर भएपछि अध्यादेशमार्फत कानून ल्याइने उहाँको भनाइ थियो ।

रेल सञ्चालका लागि आवश्यक कानून, कर्मचारीको व्यवस्थापन र बजेटको निर्धारण भएपछि भारत तथा नेपालका प्रधानमन्त्रीले भर्चुअल माध्यमबाट भए पनि संयुक्तरुपमा रेलको उद्घाटन गर्ने उहाँले जानकारी दिनुभयो । मन्त्री यादवले रेल सञ्चालन नहुँदा निरासा बढेकाले छिट्टै रेल सञ्चालन गर्न अध्यादेश ल्याउन लागिएको बताउनुभयो ।



सो अवसरमा नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक निरञ्जन झाले रेल सञ्चालनका सन्दर्भमा अहिलेसम्म भएको प्रगतिका बारेमा मन्त्री यादवलाई जानकारी गराउनुभयो । निरीक्षणका क्रममा मन्त्री यादवसँगै रेल विभागका महानिर्देशक दीपक भट्टराई, जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख लालकिशोर साहलगायतको सहभागिता थियो ।

# "मधेशलाई अधिकार सम्पन्न बनाउन माओवादीको विकल्प छैन"

जलेश्वर, १४ मङ्सिर (रासस) ।

नेपाल कम्युनिष्ट पाटी ( माओवादी केन्द्र) का नेता नारायणकाजी श्रेष्ठले मधेश र त्यहाँका जनतालाई अधिकार सम्पन्न बनाउन माओवादी केन्द्रको विकल्प नरहेको बताउनुभएको छ ।

माओवादी केन्द्र जलेश्वरको प्रथम नगर अधिवेशनलाई मंगलबार महोत्तरीको सदरमुकाम जलेश्वरमा सम्बोधन गर्दै उहाँले वर्षौंदेखि हक अधिकारविहीन रहेका मधेश र त्यहाँका जनतालाई आजसम्म प्राप्त हक अधिकार माओवादी केन्द्रकै देन रहेको जिकिर गर्नुभयो । साथै उहाँले मधेशका जनताले चाहेको थप हक अधिकारका लागि पार्टी अझै पनि संर्षरत रहेकाले आवश्यक सम्पूर्ण अधिकार दिलाएरै छाडिने प्रतिबद्धता समेत प्रकट गर्नुभयो ।

## विश्व समाचार

### भारतमा ६ हजार ९ सय नयाँ संक्रमित

नयाँदिल्ली, १४ मङ्सिर (रासस/एएनआई) ।

भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितको सङ्ख्यामा कमी आएको छ ।

पछिल्लो एक दिनमा थप छ हजार ९९० जना मात्रै कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन् । यो सङ्ख्या निकै कम हो । भारतमा यसअघि औसतमा दैनिक दश हजार मानिस कोरोनाभाइरसबाट सङ्क्रमित हुने गरेका थिए ।

भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या एक लाख ५४३ मा झरेको अधिकारीले जानकारी दिएका छन् ।

केन्द्रीय स्वास्थ्य मन्त्रालयले १० हजार ११६ जना पछिल्लो एक दिनमा कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएको जनाएको छ ।

एउटै समयमा नयाँ सङ्क्रमितको सङ्ख्या भन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै भएकाले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या घट्दै गएको छ ।

भारतमा अहिलेसम्म तीन करोड ३० लाख १८ हजार २९९ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएर पनि अहिले सङ्क्रमणमुक्त भएका छन् ।

### भारतमा ओमिक्रोन भित्रिन नदिन उच्च सतर्कता

नयाँदिल्ली, १४ मङ्सिर (रासस/सिन्ह्वा) ।

हालै अफ्रिकामा देखा परेको भनिएको कोरोनाको ओमिक्रोन भाइरस भित्रिन नदिने भन्दै भारतमा उच्च सतर्कता अपनाइएको समाचारमा जनाइएको छ ।

भारतमा चार दिनअघि दक्षिण अफ्रिकाबाट आएका एकजना ३२ वर्षीय युवकलाई पिसीआरको रिपोर्ट पोजेटिभ आएपछि उनलाई उच्च निगरानीमा राखिएको बताइएको छ ।

उनलाई कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोन हो कि होइन भन्ने बारेमा स्पष्ट भने भइसकेको छैन । नयाँ दिल्लीका स्वास्थ्य अधिकारीले दक्षिण अफ्रिकाबाट आएका ती नागरिकमा यो नयाँ भेरियन्ट भेटिन सक्ने अनुमान मात्र गरिएको बताएका छन् ।

दक्षिण अफ्रिकामा हालैमात्र भेटिएको भनिएको सो भेरियन्ट विश्वका कैयौँ देशमा फैलिइरहेको बताइएको छ । विश्वका अरु पनि कैयौँ देशले यो भाइरसबाट बच्नका लागि अहिलेको भन्दा थप कडा प्रतिबन्धको घोषणा गरेका प्राप्त समाचारमा जनाइएको छ ।

भारतको नयाँ दिल्लीमा र अरु पनि अन्तरराष्ट्रिय विमानस्थलमा विदेशबाट आउने उडानमा सतर्कता अपनाइएको छ । यहाँ अफ्रिकाबाट आउने उडान रोकिएको छ । त्यस्तै यात्रुको पिसीआर परीक्षणलाई अनिवार्य गरिने गरी नयाँ मापदण्ड लागू गरिएको छ ।

### रुसद्वारा ओमिक्रोनविरुद्धको खोप बनाउन सुरु

मस्को, १४ मङ्सिर (रासस/सिन्ह्वा) ।

कोरोनाभाइरसको नयाँ भेरियन्टको रुपमा देखिएको ओमिक्रोनका विरुद्ध रुसमा खोप बनाउन थालिएको छ ।

रुसको गामालेया राष्ट्रिय अनुसन्धान केन्द्रले कोरोनाभाइरसको नयाँ भेरियन्ट अनुसारकै खोपको पनि नयाँ संस्करण बनाउन लागिएको जनाएको छ ।

केन्द्रका अधिकारीले कोरोनाभाइरसविरुद्ध प्रयोग भएको स्पुतनिक भीलाई नै संशोधन गरेर ओमिक्रोनका विरुद्धमा पनि काम गर्ने बनाउन लागिएको जानकारी दिएका छन् ।

उनीहरुले ओमिक्रोनविरुद्ध काम गर्ने खोपको विकास चाँडै नै हुने सक्ने विश्वास पनि व्यक्त गरेका छन् । ओमिक्रोनविरुद्ध काम गर्ने खोपको विकास भएपछि ४५ दिनमै आम नागरिकलाई खोप उपलब्ध गराइने उनीहरुले बताएका छन् ।

अन्तरराष्ट्रिय बजारसमेतलाई पुग्नेगरी खोप उत्पादन गर्न सकिने उनीहरुको भनाइ छ ।

### स्विडेनकी प्रथम महिला प्रधानमन्त्री एक सातामा दोस्रो पटक निर्वाचित

स्टकहोम, १४ मङ्सिर (रासस/एएफपी) ।

स्विडेनकी पहिलो महिला प्रधानमन्त्री माग्डालेना अन्डेर्सन एक हप्तामा दुई पटक प्रधानमन्त्रीमा निर्वाचित हुनुभएको छ ।

गत बुधबार पहिलो पटक प्रधानमन्त्रीमा निर्वाचित हुनुभएकी अन्डेर्सन मङ्गलबार दोस्रो पटक प्रधानमन्त्रीमा निर्वाचित हुनुभएको हो ।

अघिल्लो पटक स्विडेनको संसद्ले उहाँलाई प्रधानमन्त्री बनाएको थियो । तर उहाँलाई समर्थन गरेका दलले समर्थन फिर्ता लिएपछि उहाँले एक दिनमै राजीनामा दिनु परेको थियो ।

समर्थन गरेका दलले समर्थन फिर्ता लिएपछि उहाँको बजेट संसद्बाट पारित नहुने भएपछि उहाँले राजीनामा दिनु भएको थियो ।

त्यसअघि अर्थमन्त्री रहनु भएकी अन्डेर्सन देशको प्रभावशाली पार्टी सोसियल डेमोक्रेटिक पार्टीकी नेतृसमेत हुनुहुन्छ ।

# एमाले अध्यक्षमा ओली विजयी



सौराहा, १४ मङ्सिर (रासस)।

नेकपा (एमाले) को दसौँ राष्ट्रिय महाधिवेशनले फराकिलो मतान्तरसहित अध्यक्षमा पुनः केपी शर्मा ओलीलाई निर्वाचित गरेको छ।

कूल खसेको दुई हजार ९६ मध्ये अध्यक्ष ओलीले एक हजार आठ सय ४० मत प्राप्त गर्नुभएको पार्टीको केन्द्रीय निर्वाचन आयोगले जनाएको छ। महाधिवेशनमा दुई हजार एक सय ५३ प्रतिनिधि रहेका थिए। मत परिणामबारे केहीबेरपछि आधिकारिक घोषणा हुने आयोगका सचिव बाबुराम दाहालले बताउनुभयो।

यही मङ्सिर १० गतेदेखि चितवनको सौराहामा सुरु महाधिवेशनमा गए राति भएको मतदानमा ओलीका प्रतिस्पर्धी डा भीमबहादुर रावलले दुई सय २३ मत प्राप्त गर्नुभएको हो। विद्युतीय भोटिङ मेसिनका आधारमा गरिएको मतदान र गणनाका करण छिटै परिणाम निस्किएको हो। कतिपय प्रतिनिधिले अध्यक्षका दुवै उम्मेदवारलाई मत दिएको बुझिएको छ। अध्यक्ष ओली गत नवौँ महाधिवेशनमा माधवकुमार नेपाललाई झिनो मतान्तरले पराजित गर्दै विजयी हुनुभएको थियो। वरिष्ठ उपाध्यक्षमा ईश्वर पोखरेल, महासचिवमा शङकर पोखरेललगायत पदाधिकारी भने निर्विरोध निर्वाचित हुनुभएको छ। तीन उपमहासचिवमा प्रदीपकुमार ज्ञवाली, पृथ्वीसुब्बा गुरुङ र विष्णु रिमाल पनि निर्विरोध निर्वाचित हुनुभएको छ।

महाधिवेशनको बन्दसत्रको पहिलो दिन यही मङ्सिर ११ गते अध्यक्ष मण्डलका अध्यक्ष ओलीलाई ३०१ सदस्यीय केन्द्रीय कमिटीका पदाधिकारी र सदस्यका उम्मेदवारको नामावली प्रस्तुत गर्न अधिकार दिएको थियो। अध्यक्ष ओलीले विभिन्न नेताहरूसँगको परामर्शमा १२ गतेको बन्दसत्रमा नामावली प्रस्तुत गर्दा अधिकांशले सहमति जनाएकामा डा रावल, नेता घनश्याम भुसाललगायतका नेताले अस्वीकार गरेपछि निर्वाचन भएको हो। उपाध्यक्ष पदमा हलमा प्रस्तुत भएको नामावली अतिरिक्त उम्मेदवारी दिएका भुसाल अन्य उम्मेवारका तुलनामा पछि पर्नुभएको छ।

# राजबिराज जेसिसको साप्ताहिक कार्यक्रम सुरु



**दैनिक समाचारदाता**
**राजविराज, १४ मंसिर।**

राजबिराज जेसिस सप्ताह अन्तर्गत मंगलबार पहिलो दिन जेसिस परिसरको सरसफाइ र बृक्षारोपन गरि सुरुवात गरिएको छ।

राजबिराज जेसिस बर्ष २०२१ का अध्यक्ष जेसि सिद्धार्थ तातेडको अध्यक्षता तथा निवर्तमान अध्यक्ष नानिमैया कटवाल लगायत सम्पुर्ण जेसिस सदस्यहरुको उपस्थितिमा जेसिस सप्ताह सुरु भएको हो।

साप्ताहिक कार्यक्रमको दोस्रो दिन नगर भित्रका फोहोर प्लाष्टिकको बोतल संकलन, तेस्रो दिन पाठ्यपुस्तक सामाग्री बितरण, चौथो दिन गजेन्द्र चोकमा सेनेटरी प्याड बितरण, पाँचौ दिन जेसिस भवनमा योगा शिबिर संचालन, छैठो दिन महेन्द्र बिन्देश्वरी क्याम्पसमा जेसिस जनचेतना तथा सातौ दिन अन्तरबिद्यालय बादविबाद प्रतियोगिता हुने साप्ताहिक कार्यक्रमका मुल संयोजक रवी रायले जानकारी दिएका छन्।

# प्रधानन्यायाधीश जबरा अस्पताल भर्ना

काठमाडौँ, १४ मङ्सिर (रासस)।

प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरालाई कोरोना संक्रमण भएपछि अस्पताल भर्ना गरिएको छ। ग्यालाई कोरोना संक्रमणका साथै निमोनियासमेत भएकाले सोमबार साँझ बलम्बुस्थित सशस्त्र प्रहरी (एपीएफ) अस्पताल भर्ना गरिएको हो।

सर्वोच्च अदालतका प्रवक्ता बाबुराम दाहालका अनुसार प्रधानन्यायाधिश राणा केही दिनदेखि बालुवाटारस्थित सरकारी निवासमा बस्नुभएको थियो। उहाँलाई निमोनियासँगै छातीमा संक्रमण देखिएको छ।

# नेपालमा एचआइभी/एड्सको सङ्क्रमण दर घट्दो

काठमाडौँ, १४ मङ्सिर (रासस)।

नेपालमा एचआइभी एड्स सङ्क्रमण दर घटेको एक अध्ययनले देखाएको छ। विगत १० वर्षको तथ्याङ्क हेर्दा सङ्क्रमण दर घटेको अध्ययनले देखाएको हो।

राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रले विश्व एड्स दिवसको अवसरमा मंगलबार यहाँ आयोजित 'नेपालमा एचआइभी र एड्सको अवस्था' विषयक अन्तर्क्रिया कार्यक्रममा १० वर्षको अन्तरमा सङ्क्रमण दर ६३ प्रतिशतले घटेको केन्द्रका निर्देशक डा सुधा देवकोटाले जानकारी दिनुभयो। 'असमानता हटाऔं एड्स अन्त्य गरौँ' भन्ने मूल नाराका साथ ३४औँ विश्व एड्स दिवस भोलि मनाइँदै छ।

यस्तै सन् २०१० मा २१५ जना बालबालिकामा सङ्क्रमण रहेकामा सन् २०२० मा पुग्दा ८० बालबालिमामा मात्र रहेको पाइएको छ। यस्तै सन् २०१० मा एड्सका कारणले एक हजार ४१३ जना मानिसको निधन हुने गरेकोमा त्यो सङ्ख्या सन् २०२० मा पुग्दा ६३६ जनामा झरेको छ।

उहाँले सरकारले एचआइभी र एड्स नियन्त्रणमा चालेका उपायले सङ्क्रमण दर घटेको बताउनुभयो। उहाँका अनुसार सन् २०१० मा दुई हजार ६१ जना नयाँ सङ्क्रमित पाइएकोमा सन् २०२० मा ७५४ जना मात्र पाइएको छ। नियमित उपचार, हेरचाह तथा सहयोग कार्यक्रमले एचआइभीमा सङ्क्रमणमा नियन्त्रण भइरहेको छ।

सरकारले एचआइभी सङ्क्रमण रोकथामका लागि कण्डम प्रयोग प्रवर्द्धन, एचआइभी परामर्श र परीक्षण, यौन रोगको निदान र उपचार, एन्टी-रेट्रोभाइरल (एआरभी) सेवा प्रदान गरिँदै आइरहेको छ। नेपालमा अहिले एचआइभी सङ्क्रमितलाई ६१ जिल्लामा ८३ वटा एआरभी सेवा प्रदान गरिँदै आइरहेको छ। अहिले २० हजार ८८३ जनाले नियमित एआरभी सेवा औषधि सेवन गर्ने उहाँले बताउनुभयो। यो सङ्ख्या कूल सङ्क्रमितको ६९ प्रतिशत हो।

राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रका निर्देशक सुनिल शर्माले सन् २०२० को अन्त्यसम्म नेपालमा करिब ३० लाख ३०० सङ्क्रमित रहेको जानकारी दिनुभयो। उहाँका अनुसार सङ्क्रमितमध्ये ०.१३ प्रतिशत व्यस्कमा सङ्क्रमण रहेको छ। नेपालमा एचआइभी सर्नसक्ने जोखिममा रहेका समूहमा एचआइभी सङ्क्रमण दर ५ प्रतिशत भन्दाबढी र सामान्य जनसङ्ख्यामा एचआइभी सङ्क्रमण दर एक प्रतिशत भन्दा कम रहेको छ।

यस्तै सुईद्वारा लागुऔषध प्रयोग गर्नेमा तीन प्रतिशतका दरले सङ्क्रमण रहेको पाइएको छ। यस्तै महिला यौनकर्मीमा २.२ प्रतिशत, पुरुष समलिङ्गीमा ६.२ प्रतिशत, भारतमा कामदार नेपालीमा पश्चिममा ०.३ प्रतिशत र सुदूरपश्चिममा ०.६ प्रतिशत सङ्क्रमण पाइएको छ।

सरकारले २०३० सम्ममा नेपालमा एचआइभी तथा एड्सको महामारीलाई अन्त्य गर्ने लक्ष्य राखेको छ।

### *ब्राउनसुगरसहित ...*

खटिएको प्रहरी टोलीले चेकजाँच गर्दा विकले आफ्नी ८ बर्षीया छोरीको साथमा लुकाईछिपाई ल्याएको ब्राउनसुगर २ ग्राम फेला परे पश्चात उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

पक्राउ परेकी विकको ईलाका प्रहरी कार्यालय काँकडभिट्टाबाट थप अनुसन्धान भईरहेको छ।





अनुरोधकर्ता : खडक नगर कार्यपालिकाको कार्यालय, सप्तरी

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु

ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६


प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : *rajbirajdainik@gmail.com*, वेवसाइट : *rajbirajdainik.com.np*